## मिति २०८२/२/४ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

१. गैससको समयावधि थप गर्ने सम्बन्धमा ।
२. निजी जग्गा व्यवस्थापन अनुमती सम्बन्धमा ।
३. नदीजन्य पदार्थ ठेक्का सम्झौता बापत जम्मा गरेको रकम फिर्ता गर्ने सम्बन्धमा ।
४. वर्षादमा मर्मत गरेको सडकको अपुग रकम व्यवस्थापन सम्बन्धमा ।
५. योजना कार्यान्वयनको लागि स्थानको सुनिश्चतता सम्बन्धमा ।
६. आ.व. २०८२/०८३ को मार्गदर्शन, नीति, कार्यक्रम तथा वजेट सम्बन्धमा ।
७. नगरसभाको अधिवेशन आब्हान सम्बन्धमा ।
८. विभिन्न खोलामा विपद जोखिम न्यूनिकरणको लागि मेशिन प्रयोग गरी कार्य गर्न माग गर्ने सम्बन्धमा ।
९. शिक्षक दरवन्दी मिलान तथा विद्यालय समायोजनमा भएको खर्च व्यवस्थापन सम्बन्धमा ।
१०. एकल महिला, एकल पुरुष र "ग" वर्गको अपाङ्ग भत्ता वितरण सम्बन्धमा ।
११. वडा नं. १४ को अव्यवस्थित, भुमिहीन सुकुम्बासीहरुलाई पुर्जा उपलब्ध गराउने सम्बन्धमा ।
१२. मेयर तथा उपमेयर कप खेलकुद कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।
१३. जग्गा वर्गिकरणको कार्य गर्ने सम्बन्धमा ।
१४.विपद प्रभावितहरुको लागि राहत माग गर्ने सम्बन्धमा ।
१५.हावाले उडाएका विद्यालय मर्मतको लागि रकम विनियोजन गर्ने सम्बन्धमा ।
१६. अन्तरपालिका स्तरीय भलिवल खेलमा भएको खर्च रकम भुक्तानी सम्बन्धमा ।
१७. अपाङ्गता अधिकार ऐन २०८२ को मस्यौदा सम्बन्धमा ।

### निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस जिल्लाका विभिन्न स्थानमा निर्माण हुने झोलुङ्गे पुलहरुमा प्राविधिक र सामाजिक कार्य गर्न मिति २०७४/११/२३ गते साविकको जिल्ला प्राविधिक कार्यालय र ग्रामीण तथा सामुदायिक स्वास्थ्य विकास केन्द्र नेपाल, अ.खा. विच ३ वर्षको लागि सम्झौता भई उक्त संस्थाले तोकिएबमोजिमको कार्य गर्दै आएकोमा राज्य पूनः संरचना पश्चात हाल सम्वन्धित पालिका भित्र पर्ने झो.पु. निर्माणको जिम्मा सम्बन्धित पालिकालाई प्रदान गरी अख्तियारी समेत प्राप्त भएकोमा सो संस्थासँग साविकको जिल्ला प्राविधिक कार्यालय सँग भएको सम्झौता बमोजिम नै हुने गरी सम्झौताको बुँदा ५.२ मा गै.स.स.को वार्षिक कार्य सम्पादनको आधारमा नविकरण/म्याद थप गर्न सकिनेछ भन्ने उल्लेख भएबमोजिम पटक पटक गरी म्याद थप हुँदा अन्तिम पटक मिति २०८१/१०/२२ गते सम्म म्याद थप भएकोले म्याद समाप्त भएको मितिले १ वर्ष यस न.पा. भित्र निर्माण हुने झो.पु.हरुको प्राविधिक तथा सामाजिक कार्य गर्न म्याद थप गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको निजी जग्गाको ढुंगा, गिट्टी, वालुवा, माटो आदी उत्खनन, संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्वन्धी कार्यविधि, २०८१ को दफा (९) बमोजिम जग्गा व्यवस्थापनको लागि पेश गरेका निवेदनकहरुको सन्दर्भमा जग्गा व्यवस्थापन गर्दा हाल उक्त अनुसार ५०००

प्रमुख प्रशासकीय अधिकृत

घ.मी.भन्दा कम परिमाण उत्खनन् तथा निकासी हुने गरी आवश्यक प्रकृया पुगेका तपशिल बमोजिमका जग्गा धनिहरुलाई सोही कार्यविधिको दफा (१२) बमोजिम निजी जग्गा व्यवस्थापन गर्दा निस्कने साधारण निर्माणमुखी पदार्थ (ढुङ्गा, माटो, मिस्कट) ढुवानी गरी अन्यत्र लैजान अनुमती दिने निर्णय गरियो ।

**तपशिल**

(क) शितगंगा नगरपालिका वडा नं. ५ मा लालमणि पौडेलको नाममा रहेको कित्ता नं. ३६२ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(ख) शितगंगा नगरपालिका वडा नं. ११ मा भिमार्जुन दर्लामीको नाममा खयरभट्टीमा रहेको कित्ता नं. ७८ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(ग) शितगंगा नगरपालिका वडा नं. ११ मा पुनादेवी भुसालको नाममा टिक्करीमा रहेको कित्ता नं. ४३ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(घ) शितगंगा नगरपालिका वडा नं. ११ मा नारायण प्रसाद आचार्यको नाममा टिक्करीमा रहेको कित्ता नं. ३९ र ३५ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(ङ) शितगंगा नगरपालिका वडा नं. ११ मा यार्स एग्रो रिसर्चको नाममा टिक्करीमा रहेको कित्ता नं. ३३ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(च) शितगंगा नगरपालिका वडा नं. ११ मा गुण बहादुर रायमाझीको नाममा खयरभट्टीमा रहेको कित्ता नं. ५६८ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(छ) शितगंगा नगरपालिका वडा नं. ११ मा यमकला पुन को नाममा खयरभट्टीमा रहेको कित्ता नं. ७६, २६, २० को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(ज) शितगंगा नगरपालिका वडा नं. १३ मा लोक बहादुर वि.सी को नाममा मुसियानमा रहेको कित्ता नं. ३७ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(झ) शितगंगा नगरपालिका वडा नं. १३ मा विष्णुराज अर्यालको नाममा मुसियानमा रहेको कित्ता नं. ४९ र ५० को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(ञ) शितगंगा नगरपालिका वडा नं. १३ मा रुद्र प्रसाद अधिकारीको नाममा मुसियानमा रहेको कित्ता नं. ७६, २६, २० को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा उक्त सन्दर्भमा अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व.को वर्षादमा हुने सडक मर्मत सुधारको लागि नगरसभाबाट रु २० लाख बजेट विनियोजन भएकोमा सडक मर्मत गर्दा रु ३० लाख खर्च भई रु १० लाख नपुग भएको रकम

प्रमुख प्रशासकीय अधिकृत

चालु आ.व.मा सेवा र परामर्श खर्च शिर्षकमा रहेको रकमलाई संसोधन गरी नपुग रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व.मा संघीय सर्शत अनुदान तर्फको रकम प्राप्त हुदा साना सिंचाई पूर्वाधार निर्माण भनि स्थान नतोकी रु ७ लाख बजेट प्राप्त भएकोमा शितगंगा न.पा. १३ का दिपक अनुरागीले उक्त बजेट मेरो पहलमा विनियोजन गरेको तर स्थान छुटेकोले सो बजेट शिनपा १३ मुसियान माझिफाँटमा पक्की कुलो निर्माण गर्ने गरी कार्यान्वयन गरी दिन भनि निवेदन दिएकोले सो रकमबाट शिनपा १३ मुसियान माझिफाँट सिंचाई कुलो निर्माण गर्ने गरी स्थानको सुनिश्चितता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा उक्त सन्दर्भमा अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा उक्त सन्दर्भमा अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्रका विभिन्न नदी, खोलाहरु मध्ये चालु आ.व.मा ठेक्का व्यवस्थापन भएका शिनपा ८ को राप्ती नदी राप्ती वगर गढवा गा.पा. सिमाना क्षेत्रमा लेवर समस्या भएको, घरेलु औजारबाट उत्खनन् गर्न कठिनाई भएको र नदीको विच भागमा रहेको उक्त बगरको नदिजन्य पदार्थ नहटाए दुवै तर्फ जग्गा कटान गरी सिंचाई कुलाहरुलाई समेत असर गर्ने भएकोले सो बगरको नदिजन्य पदार्थ २ वटा भ्याकु लोडर प्रयोग गरी हटाउनु पर्ने, त्यसै गरी शिनपा १४ बाणगंगा खोलाको जरिकुना क्षेत्रको ठेक्का व्यवस्थापन भएको खोलाको विचमा नदिजन्य पदार्थ उत्थनन् गर्दा खोलाको विचमा ठूला/ठूला ढुङ्गा रहेको र उक्त ढुङ्गाहरु घरेलु औजार प्रयोग गरी कामदारबाट हटाउन सम्भव नभएकोले कम्तिमा २ वटा एक्साभेट मेशिन प्रयोग गरी खोलाको बिच भागको नदीजन्य पदार्थ हटाउने तथा ठूला/ठूला ढुङ्गाहरु खोलाको दुवैतर्फ किनारामा लगाई जग्गा कटानी रोकी विपद जोखिम न्यूनिकरण गर्नु पर्ने अवस्था भएको र सोही बाणगंगा खोलाको मुन्द्रिवास क्षेत्रमा खोलाले जग्गा कटान गरिरहेकोले उक्त क्षेत्रमा रहेको नदीजन्य पदार्थ नहटाएमा ठूलो क्षति हुनसक्ने अवस्था भएकोले प्राविधिक नाँपजाँच बमोजिमको परिमाण एक्साभेटर मेशिन प्रयोग गरी हटाई विपद जोखिम न्यूनिकरणको लागि हटाउन नगर विपद समितिबाट समेत निर्णय भएकोले उक्त कार्य गरी विपद् जोखिम न्यूनिकरण गर्न जिल्ला विपद् व्यवस्थापन समिति समक्ष माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा उक्त सन्दर्भमा अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १० माथि छलफल गर्दा उक्त सन्दर्भमा अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १४ को ५० धरधुरीलाई जग्गा धनी प्रमाण पुर्जा उपलब्ध गराउन स्थानीय तहबाट गर्नु पर्ने सम्पूर्ण काम वडा सहजिकरण समिति, वडा समिति र नगर स्तरीय सहजिकरण समितबाट सूचना प्रकाशन गरी दाबी विरोध, उजुर बाजुर नभएकोले नापनक्सा र जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउन आवश्यक प्रकृया अगाडी बढाउन भूमी समस्या समाधान आयोग जिल्ला समिति अर्घाखाँचीलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा चालु आ.व.मा मेयर तथा उपमेयर कप खेलकुद कार्यक्रम संचालनको लागि बजेट विनियोजन भएकोमा विनियोजित रकमबाट क्रिकेट तथा भलिवल खेल संचालन गर्ने र उक्त खेल संचालनको लागि सम्बन्धित खेल क्षेत्रका व्यक्तिहरुलाई सहभागि गराई आवश्यकता अनुसार उपसमिति समेत गठन गरी संचालन गर्न सक्ने अधिकार सहित खेल संचालनको लागि तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

संयोजक :- मान बहादुर सिंजापती वडा अध्यक्ष वडा नं. १

सदस्य :- नवराज भुसाल वडा अध्यक्ष वडा नं. ११

सदस्य सचिव :- विनोद पोखेल शिक्षा अधिकृत

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रको जग्गा वर्गिकरणको कार्य प्रकृया यसै आ.व. देखि सुरु गर्ने र उक्त कार्य गर्दा लाग्ने रकम आगामी आ.व.को वार्षिक कार्यक्रम निर्माण गर्दा विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ को हाल सम्म यस नगरपालिका क्षेत्र भित्र विभिन्न मितिमा विभिन्न वडाहरुको विभिन्न स्थानमा आगलागी, बाढी पहिरो लगायत विपद जन्य प्रकोपबाट प्रभावित स्थानीय विपद व्यवस्थापन समितिबाट निर्णय भएका ५३ जना प्रभावितहरुको पुनःस्थापना र पुर्नलाभको लागि राहत उपलब्ध गराई दिन जिल्ला विपद व्यवस्थापन समिति समक्ष माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा हालैको हावा हुरीका कारण तपशिलका विद्यालयहरुको छाना उडाई क्षति गरेकोले मर्मत गर्न चालु आ.व.को सेवा र परामर्श खर्च शिर्षकमा बिनियोजन भएको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

तपशिल

प्रमुख प्रशासकीय अधिकृत

(क) ज्योति उ.मा.वि. ठाडा रु ५० हजार

(ख) जनसहभागिता आ.वि. शिनपा ७ रु ५० हजार

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा मन्जरी युवा क्लवको आयोजनामा सन्धिखर्कमा भएको अन्तरपालिका स्तरीय खुल्ला भलिवल प्रतियोगिताको पेश भएको विल अनुसारको खर्च रकम रु २४०८२५ मा प्रथम स्थान हासिल गरेबापत प्राप्त भएको रकम रु ५० हजार घटाई बाँकी रु १९०८२५।- मात्र यस नगरपालिकाले चालु आ.व.मा एवाइसी रनिङ्गसिल्ड प्रतियोगिता शिर्षकमा विनियोजन गरेको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १७**

प्रस्ताव नं. १७ माथि छलफल गर्दा सरोकारवालाहरुको सहभागितामा विधान समितिले तयार गरेको अपाङ्गता अधिकार ऐन, २०८२ को मस्यौदा आजको बैठकमा प्रस्तुत भई छलफल भयो । उक्त ऐनका सन्दर्भमा छलफलको कममा दिईएका सुझावहरु मध्ये समेट्नु पर्ने सुझावहरुलाई समावेश गरी अन्तिम प्रतिवेदन आगामी कार्यपालिका बैठकमा पेश गर्ने  निर्णय गरियो ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन गरियो ।

प्रमुख प्रशासकीय अधिकृत